घोडाघोडी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

# Ghodaghodi Municipality

## Office of Municipal Executives

### Sukhad, Kailali

### Sudurpaschim Province, Nepal

# BIDDING DOCUMENT

ढुंगा, गिट्टी र वालुवा विक्री शुल्क संकलन कार्य (कन्द्रा नदी, कन्द्री नदी, डोडा नदी, झिंगेझाला नदी र टेंगना नदी)

ठेक्का नं.: IREV/GMU/03/082/083

नदीको नाम:

१. टेंगना नदी

Issued by:

Ghodaghodi Municipality

Office of Municipal Executives

Sukhad, Kailali

Sudurpaschim Province, Nepal

Tel No. 091-403064

घोडाघोडी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
सुख्खड, कैलाली
## सुदुरपश्चिम प्रदेश, नेपाल

आन्तरिक आयको ठेक्का वन्दोवस्त गर्ने सम्बन्धी बोलपत्र आव्हानको सूचना
तेश्रो पटक प्रकाशित मिति: २०८२/११/२८

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११(घ) को उपदफा ६ अनुसार यस नगरपालिका क्षेत्र भित्र आन्तरिक आय सम्बन्धी ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले तपशिल बमोजिमको कर उठाउने ठेक्का लिन ईच्छुक र योग्य (मु.अ. कर दर्ता प्रमाण पत्र, आ.व. २०८१/०८२ सम्मको कर चुक्ता, फर्म नवीकरण भएको) फर्म वा कम्पनीबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको www.bolpatra.gov.np/egp मार्फत बोलपत्र पेश गर्न यो सूचना सम्बन्धित सबैको जानकारीको लागि प्रकाशन गरिएको छ । रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

| सि.नं. | ठेक्का नं. | ठेक्काको किसिम | न्यूनतम अंक (मु.अ. कर बाहेक) रु. | कूल संकलन (घनमिटर) | बोलपत्र फाराम दस्तुर रु. |
|---|---|---|---|---|---|
| १. | IREV/GMU/03/082/083 | ढुंगा, गिट्टी र वालुवा विक्री शुल्क संकलन कार्य (टेंगना नदी) | ४४,३१,१८९.५१/- (चवालिस लाख एकतिस हजार एक सय उनान्नब्बे रुपिया र पैसा पाच एक मात्र) | २०,९२९.४८ | ३,०००. |

थप जानकारीका लागि यस नगर कार्यपालिकाको कार्यालयको वेबसाइट https://www.ghodaghodimun.gov.np/ne मा र www.bolpatra.gov.np/egp मा हेर्न सकिने छ । साथै शर्त, ठेक्का अवधि तथा शुल्क लिने दररेट लगाएतको विस्तृत विवरण बोलपत्र फाराम साथ संग्लन गरिएको छ ।

जम्मा गर्नुपर्ने बैंकको नाम: कृषि विकास बैंक, सुख्खड, कैलाली (घोडाघोडी नगरपालिकाको नाममा रहेको)
राजश्व खाता नं.: ०८२२३००४१११५११९६ (कोड नं.: १४५२९)
धरौटी खाता नं.: ०८२२३००४१११५१०९९

प्रमुख प्रशासकीय अधिकृत

**घोडाघोडी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**सुखड, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

**शर्तहरु:**

१. नगरपालिकावाट गरिएको वातावरणीय प्रभाव मूल्याँकन (IEE) मा तोकिएको घाटगद्दि स्थलहरुमा मात्र नदिजन्य पदार्थ संकलन/उत्खनन गर्नु पर्नेछ ।

२. यो सूचना प्रकाशितभए बमोजिम खरिद भएका बोलपत्रहरु २०८२।१२।०५ गते १२:०० बजे भित्र दाखिला गरि सक्नुपर्नेछ र सोही दिन २:०० बजे बोलपत्र खोलिनेछ ।

३. ठेक्का लिन ईच्छुक व्यक्तिले कबोल अंकको ५ प्रतिशतले हुन आउने धरौटी रकम जम्मा गर्नुपर्नेछ । धरौटी वापतको रकम यस घोडाघोडी नगरपालिका, नगरकार्यपालिका कार्यालयको नाममा कृषि विकास बैंक, सुखड शाखामा रहेको धरौटी खाता नं.०८२२३००४१११५१०९९ मा नगदै जम्मा वा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको (एकसय बीस १२०) दिन म्याद भएको बिडवन्डको सक्कल प्रति संलग्न गर्नुपर्नेछ ।

४. कबोल रकम अंक र अक्षरमा प्रष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षर लाई मान्यता दिईनेछ ।

५. बोलपत्र दाखिला गर्ने दिन सार्वजनिक बिदा परेमा सोको भोलिपल्ट तोकिएकै समयम बोलपत्र दाखिला गर्न सकिनेछ ।

६. रितपूर्वक दाखिला भएका बोलपत्रहरु मध्ये घटी वा बढी कबोल बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा सूचना नै रद्द गर्ने वा सुचना संशोधन लगायतका आदि सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ साथै कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुनेछैन ।

७. ठेक्का कबोल अंकको रकम ठेकेदारले ३ (तीन) किस्ता गरी बुझाउनु पर्नेछ । सुदूरपश्चिम प्रदेशको नदीजन्य पदार्थ व्यवस्थापन कार्यबिधि, २०७५ को दफा १० मा संशोधन बमोजिम: पहिला किस्ता सम्झौताको समयमा कबोल अंकको २० प्रतिशत, दोश्रो किस्ता २०८२ चैत मसान्त भित्र कबोल अंकको ४० प्रतिशत र अन्तिम किस्ता २०८३ बैसाख मसान्त भित्र कबोल अंकको ४० प्रतिशत बुझाई सक्नुपर्नेछ । किस्ताबन्दीमा रकम बुझाउने सम्झौता गरेमा पहिलो किस्ता नगदै र बाँकी किस्ताको हकमा नेपाल राष्ट्र बैंकवाट मान्यता प्राप्त बाणिज्य बैंकको सम्झौता अवधि भन्दा १ महिना बढी सम्मको परफरमेन्स वण्ड बैंक ग्यारेन्टी पेश गर्नुपर्नेछ ।
(ठेक्का कबोल गर्दा मु.अ. कर समेत कबोल गर्नु पर्नेछ र कार्यालयलाई पहिलो, दोश्रो र तेश्रो किस्ता बुझाउदा मु.अ. कर समेतको बुझाउनुपर्ने छ र बैंक जमानत पेश गर्दा समेत मु.अ. कर सहित को बैंक जमानत पेश गर्नुपर्ने छ)

८. ठेक्का कवोल गर्ने व्यक्ति,फर्म,संस्था वा कम्पनीले थप १३ प्रतिशत मूल्य अभिवृद्धि कर समेत नगरकार्यपालिकाको कार्यालयलाई उपलब्ध गराउनु पर्नेछ । उक्त मूल्य अभिवृद्धि कर बराबरको रकम नगरकार्यपालिकाको कार्यालयलाई उपलब्ध नगराएमा कार्यसम्पादन जमानत बाट असुल उपर गरिनेछ ।

९. ठेकेदारले नेपाल सरकार तथा नगरकार्यपालिकाको कार्यालयले समय समयमा दिएको निर्देशनको पालना गर्नुपर्नेछ । कार्यालय र ठेकेदार बिच कुनै विवाद उत्पन्न भएमा नगरकार्यपालिकाको कार्यालयले गरेको निर्णय अन्तिम हुनेछ ।

१०. ठेकेदारले सम्झौतापत्रमा तोकिएका वस्तुहरुमा मात्र तोकिए बमोजिमको दरमा कर संकलन गर्नुपर्नेछ । सो भन्दा बढी मालवस्तु वा दररेटमा उठाउन पाईने छैन । पट्टापूर्जिमा तोकिएको दर तथा तोकिएको सामग्री भन्दा फरक हुनेगरी कर संकलन गरेमा नियमानुसार कारवाही गरिनेछ ।

११. प्रचलित नियमानुसार कालोसूचीमा परेका र नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने बाँकी बक्यौता भएका व्यक्ति, फर्म तथा कम्पनीहरुको बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।

१२. नगरकार्यपालिकाले तोकेको कर संकलन गर्ने रसिदहरु ठेकेदारले आफ्नो तर्फवाट छपाई सो रसिदहरु यस कार्यालयका कार्यालय प्रमुखवाट वा निजले खटाएको कर्मचारी बाट प्रमाणित गरी प्रयोग गर्नुपर्नेछ । प्रमाणीत नगरी प्रयोग गरिएका रसिदहरुवाट कूनै समस्या आइपरेमा नगरकार्यपालिकाको कार्यालय जवाफदेही हुनेछैन ।

१३. अदालतको आदेश/फैशलावाट मिनाहा दिने सम्वन्धमा कुनै निर्णय गरेको अवस्था बाहेक ठेकेदारले ठेक्का सम्झौता पछि नगरकार्यपालिकाको कार्यालयलाई बुझाउनु पर्ने रकममा कुनै किसिमको मिनाहाको लागि दाबी गर्न पाईने छैन र सम्झौतामा तोकिएको समयमा किस्ता रकम बुझाउनुपर्नेछ ।

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

१४. राष्ट्रिय राजमार्ग र सहायक राजमार्गमा घाट राखी कर उठाउन पाईनेछैन।

१५. ठेकेदारले नगरपालिकाको राजश्व संकलन गर्न बस्ने स्थानमा दररेट सहितको सूचना पाटी टाँस गर्नुपर्नेछ र कर सकंलन गर्ने कर्मचारीलाई परिचयपत्र लगाएर मात्र संकलन कार्य गराउनु पर्नेछ।

१६. ठेकेदारले ठेक्का सञ्चालन गर्दा कुनै विवाद उत्पन्न भएमा सो विवाद सरकारी कर संकलन गर्न नगरपालिकाको प्रतिनिधिका हैसियतले आफै मिलाउनु पिर्नेछ।

१७. नगरपालिका सँग ठेक्का सम्झौता गरेका ठेकेदारले चुरे संरक्षित र IEE नभएको स्थानवाट ढुंगा, गिट्टी, बालुवा र ग्राभेल संकलन तथा उत्खनन गरेको पाईएमा सो ढुवानी साधनलाई नजिकको प्रशासनिक निकाय (सुरक्षा तथा वन कार्यालय) हरुको सहयोग लिई आवश्यक कारवाही गर्नुपर्नेछ। साथै त्यस्तो अवैधानिक कार्यमा रोक लगाउन सहयोग गनु प्रशासनिक निकायको कर्तव्य हुनेछ।

१८. ढुंगा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन गर्ने घाटगद्दी स्थलसम्म जान आउन आवश्यक पर्ने बाटो बनाउन तथा बाटो मर्मत गर्नुपर्ने अवस्था आएमा ठेकेदारले आफ्नै तर्फवाट गर्नुपर्नेछ। गिट्टी,ढुंगा, बालुवा र ग्राभेल लिन कुनै व्यक्ति वा निकायको निजी जग्गा वा वनक्षेत्र भित्र जानुपर्ने भएमा सम्वन्धित व्यक्ति वा निकायको स्वीकृति स्वयंम ठेकेदारले समन्व गर्नु पर्नेछ।

१९. नदिको किनारावाट भूक्षय हुने गरी डिल, भिर, भित्तोखनन गरी ढुंगा,गट्टी र बालुवा र ग्राभेल निकाल्न रोक लगाउनु पर्नेछ। त्यसरी निकालेको पाइएमा उक्त कार्य गर्ने साधनहरुलाई सम्वन्धित निकायमा आवश्यक कारवाहीका लागि ठेकेदारले पहल गर्नुपर्नेछ।

२०. राजमार्ग र पुलको उत्तर दक्षिण ५०० मिटर भित्र ढुंगा, गिट्टी, बालुवा र ग्राभेल आदि निकाल्न पाईनेछैन।

२१. नदि खोलाको घाट वा आकृति बिग्रने गरी नदि किनारमा प्राकृतिक तवरले रहेका प्राकृतिक स्रोत तोड्न वा फोड्न पाईने छैन। साथै, ढुंगा,गिट्टी,बालुवा र ग्राभेल झिक्न मेसिनरी औजारको पूर्णरुपले बन्देज लगाइनेछ। कोही कसैले मेसिन प्रयोग गरेको पाइएमा कारवाहीका लागि प्रशासनिक निकायमा पठाउनु पर्नेछ। सो को जानकारी नगरपालिकालाई दिनुपर्नेछ।

२२. ठेकेदारले भिजेको चिसो बालुवावाट पानी बगी सडक बिगार्ने भएकोले चिसो बालुवा ढुवानीमा रोक लगाउनु पर्नेछ। ढुंगा,गिट्टी बालुवा र ग्राभेल छोपेर मात्र ढुवानी गर्ने प्रवन्ध मिलाउनु पर्नेछ।

२३. ठेकेदारले घाट क्षेत्रमा फोहर मैलाको उचित व्यवस्थापन गर्नुपर्नेछ साथै ठेकेदारले बस्ती क्षेत्रमा ध्वनी प्रदुषण नहुनेगरी ढुवानी कार्य गर्न लगाउनु पर्नेछ।

२४. ठेकेदारले कामदारका लागि प्राथमिक उपचार लगायतका साथै माक्स, हेल्मेट आदिको व्यवस्था मिलाउन तथा ढुवानीका साधनहरुलाई जानकारी गराउनुपर्नेछ।

२५. ठेकेदारले पाक्षिक (१५/१५ दिनमा) रुपमा संकलन तथा उत्खननको परिमाणको लिखित जानकारी नगरकार्यपालिकाको कार्यालयमा अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

२६. घाटगद्दी क्षेत्र बाहेक अन्यत्र तथा गिट्टी बालुवा, ग्राभेल संकलन गरी सडक तथा सार्वजनिक स्थलमा जम्मा गर्न पूर्ण रुपमा बन्देज लगाईएको छ।

२७. ठेकेदारले प्रारम्भिक वातावरणिय परीक्षण (IEE) प्रतिवेदनमा दिएका राय सुझावहरु सम्वन्धित सरोकारवाला सबैलाई आफ्नै तर्फवाट जानकारी गराई सोको पालना गर्न लगाउनु पर्नेछ। यस कार्यमा लाग्ने आर्थिक व्ययभार ठेकेदारले स्वयम व्यहोर्नु पर्नेछ

२८. नियमानुसार नेपाल सरकारलाई बुझाउनुपर्ने मु.अ.कर, अग्रिम आय कर लगायतका सम्पूर्ण कारहरु ठेकेदार स्वयम् आफैले व्यहोर्नु पर्नेछ। तसर्थ यस ठेक्का अंकमा त्यस्ता कुनै पनि कर रकमहरु समावेश गरिएको छैन।

२९. बिहान सूर्योदय भन्दा अगाडी र साझ सूर्यास्त भन्दा पछि ढुवानीका साधनहरुले घाटगद्दी स्थलमा प्रवेश गर्न पाइने छैन। यसरी नियम विपरित गएका ढुवानी साधनहरुलाई कानून बमोजिम कारवाही हुनेछ।

३०. नेपाल सरकारले बिक्रिकर छुटका लागि गरेको निर्णय बाहेक यस घोडाघोडी नगरपालिकाभित्र भएर बग्ने नदि खोलावाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन गरेवापत नगरपालिकाको बिक्रिकर सबैले तिर्नु पर्नेछ। कसैले नगरपालिकाको बिक्रिकर तिर्न अटेरी गरेमा कानून अनुसारको कारवाही गरिनेछ।

३१. नगरपालिकावाट प्रमाणित गरी कर संकलन गरिएका नगदि रसिदहरु ठेकेदारले १/१ महिनामा नगरपालिकाको कार्यालयमा जम्मा गर्नु पर्नेछ। उक्त नगदि रसिदसँग नदिजन्य पदार्थको कर संकलन गर्ने ठेकेदारले नदिजन्य पदार्थको उत्खननको परिमाण पनि पेश गर्नुपर्नेछ।

३२. राष्ट्रिय वन तथा सामुदायिक वन क्षेत्रभित्रवाट नदिजन्य पदार्थ संकलन तथा उत्खनन गर्न पाईने छैन।

३३. यस सूचनामा उल्लेख भएका शर्तहरु यस ठेक्काको प्रयोजनको लागि अभिन्न अंगकोरुपमा मानिनेछन।

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

घोडाघोडी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सुखड, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

३४. यस सूचनामा उल्लेख भएका बिषय यसै सूचना बमोजिम र यस सूचनामा उल्लेख नभएको हकमा प्रचलित ऐन, नियम कानुन बमोजिम हुनेछ ।

३५. ठेकेदारले (IEE) प्रतिवेदन अनुसारको परिमाण सुदूरपश्चिम प्रदेश बाहेक अन्य प्रदेशमा निकासी गर्दा नगरपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ ।

३६. ठेकेदारले सूचनामा उल्लेखित परिमाण संकलन गरि स्टक प्रमाणित र डोजर, एक्साभेटर जस्ता निर्माण सामग्रीहरु प्रयोग गर्नु परेमा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्नेछ ।

३७. नदीजन्य पदार्थ उत्खनन एवं सङ्कलन सम्बन्धि कार्यलाई व्यवस्थित गर्ने सम्बन्धमा Location Maping को साथ साथै सर्भे नक्शा (ग्रिड अनुसार) उपलब्ध गराईनेछ र ठेकदार कम्पनीले सो बमोजिम उत्खनन एवं सङ्कलन गर्नुपर्ने छ ।

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**घोडाघोडी नगरपालिका**
**नगरकार्यपालिकाको कार्यालय**
**सुखड, कैलाली**
**सुदूरपश्चिम प्रदेश, नेपाल**

घोडाघोडी नगरपालिका नगरकार्यपालिकाको कार्यालय सुखड, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

शिव सिंह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

**नदिजन्य सामग्रीहरुको उत्खनन तथा संकलनको रोयल्टी संकलन सम्वन्धी कार्यको लागि कवोल गरेको रकमको विवरण**

| सि.नं. | ठेक्का नं. | नदी तथा खोलाको नाम | कूल संकलन (घनमिटर) | न्यूनतम ठेक्का अंक रु.मा (मु.अ. कर बाहेक) | कवोल रकम(रु.) कर बाहेक | | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | अंकमा | अक्षेरमा | | |
| १. | IREV/GMU/03/082/083 | ढुंगा, गिट्टी र वालुवा विक्री शुल्क संकलन कार्य (टेंगना नदी) | २०,९२९.४८ | ४४,३१,१८९.५१/- (चवालिस लाख एकतिस हजार एक सय उनान्नब्बे रुपिया र पैसा पाच एक मात्र) | | | कबोल अंकको ५% | |

फाराम साथ दाखिला गर्नुपर्नेकागजातहरुः

१. फर्म, कम्पनी वा व्यवसाय इजाजतको प्रमाण (नविकरण भएको), स्थायी लेखा दर्ता नं. तथा मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, प्रतिलिपिहरु।

२. टेण्डर फाराम खरिद गरेको रसिद,सक्कल, धरौटीको भौचर वा वैंक ग्यारेन्टी (विडवण्ड) प्रति।

३. आ.व. ०८१।८२ सम्मको कर चुक्ता प्रमाणपत्र पेश गरेको प्रमाण कागजातको प्रतिलिपी।

४. अख्तियारिनामा।

५. बोलपत्रदाताहरुले बोलपत्र खोलेको ७ (सात) दिन भित्र अनिवार्य रुपमा सक्कल कागजातहरु कार्यालयमा बुझाई सक्नुपर्ने छ। अन्यथा उक्त बोलपत्रदाताको बोलपत्रलाई मान्यता दिईने छैन।

६. अन्य (कुनै थप कुरा वा विबरण भए पेश गर्न सकिने)।

नोटः बोलपत्रदाता आफु यस अघि कुनै पनि खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा आफ्नो कुनै स्वार्थ नबाझिएको सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा आफूले सजाय नपाएको घोषणा गर्दछु भनी सही गर्ने......................

फर्मको नाम:

प्रोप्राईटरको सही :

फोन नं.:

प्रोप्राईटरको नाम:

रजिष्टर्ड नं.:

ठेगाना: